# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पुनर्वास,कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७८/७९
च.नं. २१८२

मिति २०७९।१।२६

विषयः आधारभूत तह परीक्षा, कक्षा - ८ को नतिजा सम्बन्धमा ।

श्री कक्षा- ८ सञ्चालित विद्यालयहरु सबै
पुनर्वास, नगरपालिका ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आधारभूत शिक्षा परीक्षा, सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।१।२६ को निर्णय अनुसार शैक्षिक सत्र २०७८ सालको आधारभूत तह परीक्षा, कक्षा-८ को परीक्षाको नतिजा मिति २०७९।१।२६ गते देखि सम्बन्धित विद्यालयले नै प्रकाशन गर्ने व्यवस्था मिलाइएकोले सम्बन्धित विद्यालयहरुले तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१।२६
शिवराज भट्ट
शाखा अधिकृत

तपसिल

१ सम्बन्धित विद्यालयले iemis.cehrd.gov.np मा आफ्नो विद्यालयको school id र Password राखी वेभपेज खोली Manage exam मा क्लिक गर्ने त्यसपछि School Level Marks मा गइ Grade 8 Select गरी Grade Ledger प्राप्त गर्ने ।

२ प्राप्त Grade Ledger को आधारमा सम्बन्धित विद्यालयहरुले मिति २०७९।१।२६ गते देखि नतिजा प्रकाशन गरी सम्बन्धित विद्यार्थीहरुलाई जानकारी गराउने ।

३. ग्रेड सिटमा विद्यार्थीको नाम, थर, जन्ममिति सम्बन्धी कुनै विवरण फरक परेमा ३५ दिन भित्र विद्यालयको सिफारिस सहित सम्बन्धित विद्यार्थीले सच्चाउनका लागि यस कार्यालयमा निवेदन दिनुपर्नेछ ।यस बुँदा बमोजिम ग्रेडसिट सच्चाउदा विद्यार्थीबाट कुनै शुल्क लिइने छैन ।

४. मिति २०७९।२।१० गते देखि विद्यालयहरुलाइ ग्रेडसिट उपलब्ध गराइनेछ।ग्रेड सिट लिन आउदा विद्यालयले बुदा नं १ बमोजिम प्राप्त गरेको ग्रेड लेजर रुजु गरी फरक परेको विवरण सच्चाउनका लागि ग्रेड सिट प्रिन्ट गर्नु अगावै यस कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

५. शैक्षिक सत्र २०७८ सालको कक्षा ८ को बार्षिक परीक्षामा D ग्रेड भन्दा कम ग्रेड प्राप्त गरेका विद्यार्थीहरुको लागि तपसिल बमोजिम ग्रेड वृद्धि परीक्षा सञ्चालन गरीने

Phone Fax-099-420055,website:www.punarbasmun.gov.np,email.punarbasnagarpalika55@gmail.com

पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुनर्वास,कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७८/७९

च.नं.

क) ग्रेड वृद्धि परीक्षाको समय तालिका निम्नानुसार निर्धारण गरीएको छ ।

| क्र स | विषय | मिति | बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अंग्रेजी | २०७९।०२।१६ | सोमबार | बिहान ८ बजे देखि | |
| २ | नेपाली | २०७९।०२।१७ | मंगलबार | बिहान ८ बजे देखि | |
| ३ | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | २०७९।०२।१८ | बुधबार | बिहान ८ बजे देखि | |
| ४ | विज्ञान तथा वातावरण शिक्षा | २०७९।०२।१९ | विहिबार | बिहान ८ बजे देखि | |
| ५ | गणित | २०७९।०२।२० | शुक्रबार | बिहान ८ बजे देखि | |
| ६ | पेशा, व्यवसाय र प्रविधि शिक्षा र कम्प्युटर | २०७९।०२।२१ | शनिबार | बिहान ८ बजे देखि क्रमशः | |
| ७ | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | २०७९।०२।२२ | आइतबार | बिहान ८ बजे देखि क्रमशः | |

ख) नगरपालिका स्थित सबै विद्यालयको परीक्षाकेन्द्र श्री जीवनज्योति मावि त्रिभुवनवस्ती पुनपा ६ मा कायम गरीएको छ ।

ग) ग्रेडवृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीहरुले मिति २०७९।२।१० गते भित्र सम्बन्धित विद्यालयमा ग्रेडवृद्धी परीक्षामा सहभागी हुन निवेदन दिनु पर्नेछ ।

घ) विद्यालयहरुले प्राप्त निवेदनहरु मिति २०७९।२।१२ भित्र पुनर्वास नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

ङ) परीक्षा केन्द्रको केन्द्राध्यक्षको जिम्मेवारी परीक्षा केन्द्र कायम भएको विद्यालयको प्र अ लाइ नै तोकिएको छ ।

Phone Fax-099-420055,website:www.punarbasmun.gov.np,email.punarbasnagarpalika55@gmail.com